राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २२८ २०८२ चैत्र ९ गते सोमवार (23 March. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## पूर्वसचिवसहित २१ जनाविरुद्ध ४६ करोडको भ्रष्टाचार मुद्दा

दैनिक समाचारदाता

काठमाडौँ, ८ चैत । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । आयोगले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनामा परामर्शदाता नियुक्ति गर्दा भ्रष्टाचार भएको ठहर गर्दै २१ जनाविरुद्ध विशेष अदालतमा आइतबार मुद्दा दायर गरेको हो ।

आयोगले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव केदारबहादुर अधिकारी, नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक संजिव गौतम, राजन पोखरेल र प्रदीप अधिकारीसहितलाई प्रतिवादी बनाएको छ ।

चिनियाँ निर्माण कम्पनी 'चाइना सिएएमसी इन्जिनियरिङ' र परामर्शदाता 'इआरएमसी/ए-नोट/स्लेट जेभी' लाई पनि प्रतिवादी बनाइएको छ।

अनुसन्धानका क्रममा, विमानस्थल निर्माणका लागि चिनियाँ एक्जिम बैङ्कको ऋण सहयोगमा भएको 'ईपिसी मोडल' को सम्झौतामा परामर्शदाता नियुक्तिका लागि २८ लाख अमेरिकी डलर छुट्ट्याइएको पाइएको छ। तर, उक्त रकमबाट परामर्शदाता नियुक्त नगरी बदनियतपूर्वक प्राधिकरणको छुट्टै आन्तरिक बजेटबाट ५० करोड ३४ लाख ४० हजार ६९६ को लागत अनुमान स्वीकृत गरी दोहोरो खर्च गराइएको आयोगको ठहर छ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार, राष्ट्रसेवक कर्मचारी र ठेकेदार कम्पनीको मिलेमतोमा स्वीकृत लागत अनुमानभन्दा बढी भुक्तानी दिने, सम्झौताका सर्तविपरीत मेसिनरी उपकरण खरिद गर्ने र परामर्शदाताको नाममा विनियोजित डलर अन्यत्रै खर्च गर्ने जस्ता कार्य गरी जम्मा ४६,१५,८४,४३४। (छयालीस करोड १५ लाख ८४ हजार ४३४ रुपैयाँ) भ्रष्टाचार भएको पुष्टि भएको छ।

आयोगले तत्कालीन सचिव अधिकारी र पूर्वमहानिर्देशक राजन पोखरेल तथा प्रदीप अधिकारीसँग जनही ४६ करोड १५ लाखभन्दा बढी बिगो मागदाबी गरेको छ। पूर्वमहानिर्देशक सञ्जीव गौतम र महेन्द्रसिंह रावलसँग ८ करोड ९५ लाख बिगो माग गरिएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र ३ (१) बमोजिम कैद, जरिवाना र बिगो असुल उपरका लागि मागदाबी लिइएको आयोगले जनाएको छ।

## कपिलवस्तुमा निषेधाज्ञा जारी

कपिलवस्तु ८ चैत्र । कपिलवस्तुमा निषेधाज्ञा जारी भएको छ । कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी जर्नदन गौतमले जिल्ला सुरक्षा समितिको निर्णय अनुसार आज दिउँसो १ बजेदेखि अर्को आदेश नभएसम्मका लागि निषेधाज्ञा जारी गरिएको बताउनुभयो ।उहाँले कपिलवस्तुको विभिन्न क्षेत्रमा भेला हुन, सभा, जुलुस तथा प्रदर्शन गर्न नपाइने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३)(क) बमोजिम निषेधाज्ञा आदेश जारी गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार निषेधाज्ञा लागु गरिएका क्षेत्रहरूमा पूर्वमा लबनी चोक, पश्चिममा बर्दघाटको पुल, उत्तरमा पचेहरा चोक र दक्षिणमा धर्मभक्त माध्यमिक विद्यालय, भनी क्षेत्रभित्र कुनै पनि प्रकारका भेला, सभा, जुलुस तथा प्रदर्शन गर्न पाइने छैन । प्रमुख जिल्ला अधिकारी गौतमले निषेधाज्ञा आदेशको उल्लङ्घन गर्ने व्यक्तिलाई नियन्त्रणमा लिई कानुन बमोजिम कारबाही समेत गरिने बताउनुभयो ।जिल्लाको महाराजगन्ज बर्गदामा भएको घटनामा कुल २३ जना घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सन्तोष आचार्यले जानकारी दिनुभयो ।

# मधेश प्रदेशको पूँजीगत खर्च ६.७१ प्रतिशत

**मुख्य कारण**

प्रदेशका अधिकांश मन्त्रालयमा पर्याप्त कर्मचारी र सचिवको अभाव, सरकारको अस्थिरता तथा अव्यवस्थित बजेट बाँडफाँटका कारण बजेट कार्यान्वयन प्रभावित बनेको छ।

**चालुतर्फ २०.७४ प्रतिशत मात्र खर्च**

चालुतर्फ १६ अर्ब ४६ करोड ५५ लाख १७ हजार विनियोजन गरिएकामा फागुन मसान्तसम्म २०.७४ प्रतिशत अर्थात् ३ अर्ब ४१ करोड ५७ लाख ५२ हजार मात्र खर्च भएको प्रदेश लेखा नियन्त्रण कार्यालय, जनकपुरधामले जनाएको छ।

**निमित्तको भरमा मन्त्रालय सञ्चालन**

कतिपय मन्त्रालय निमित्तको भरमा सञ्चालन भइरहेका छन्। सचिवहरुको न्यून उपस्थिति, बिदामा बस्ने प्रवृत्ति र जानकारीबिनै सरुवा हुने अवस्थाले समस्या झनै गम्भीर बनाएको छ।




**वीरेन्द्र कर्ण**

जनकपुरधाम, ८ चैत । बारम्बार हुने सत्ता गठबन्धनको फेरबदल तथा प्रशासनिक नेतृत्व बदलि रहँदा मधेश प्रदेशमा चालु आ.ब.को ८ महिनामा ६.७१ प्रतिशत पूँजीगत खर्च भएको छ ।

चालु आ.ब.मा मधेश प्रदेशको कूल बजेट ३० अर्ब ५१ करोड ७८ लाख ३४ हजार रहेको छ । यसैगरी मधेश प्रदेश सरकारको चालु तर्फ १६ अर्ब ४६ करोड, ५५ लाख १७ हजार बजेट रहेकोमा चालु आ.ब.को फागुन मसान्तसम्ममा २०.७४ प्रतिशत अर्थात् ३ अर्ब ४१ करोड ५७ लाख ५२ हजार खर्च भएको प्रदेश लेखा नियन्त्रणक कार्यालय जनकपुरधामले जनाएको छ ।

मधेश प्रदेशको अधिकांश मन्त्रालयहरुमा कर्मचारी र सचिव पर्याप्त नहुनु, सरकार स्थिर नहुनु, आफू खुशी बजेट बाँडफाँड गर्नु जस्ता कारणले आर्थिक वर्ष सकिन्न केही महिना मात्र बाँकी रहेपनि आधी बजेट पनि खर्च हुन नसकेको हो । आर्थिक वर्ष सम्पन्न हुन अब ४ महिना मात्र बाँकी रहँदा यहाँका केही मन्त्रालयहरुमा सचिवहरुको उपस्थिति न्यून रहेको, निमित्तको भरमा मन्त्रालय चलेको, बजेटमा मितब्ययता नभएकोले यो अवस्था आएको कर्मचारीहरु बताउँछन् । यति मात्र नभएर कतिपय सचिवहरु विदामा बस्ने र जानकारी बिनै सरुवा गराउने प्रवृतिको कारण चालु आ.ब.को ८ महिना वितिसक्दा पनि बजेट कार्यान्वयनमा चुनौती थपिएको छ । एकातिर मधेश सरकारको मन्त्रालयमा योजनाहरु भद्रगोल अवस्थामा रहेको छ भने अर्कोतिर उपभोक्ता समिति मार्फत काम गराउने गरेको, कर्मचारी, सचिव, मन्त्री र सरकारबीच सुमधुर सम्बन्ध कायम नहुँदा मधेश प्रदेशको विकास निर्माणको कार्य प्राय: प्रभावित हुन गएको छ ।


अघिल्लो वर्ष मधेश प्रदेशमा कुल बजेट ४४ अर्ब ११ करोड ४० लाख ३२ हजार रहेकोमा १८.७ प्रतिशत मात्र खर्च हुन सकेको लेखा अधिकृत अशोक प्रसाद साहले बताउनुभयो ।

बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं ।

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोत्साहन गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड


अब अनलाइनबाट बुकिङ्गको सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाइ बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# मधेशी दलितको आवाज कहिले सुन्ने ?

नेपालले संविधानमार्फत समावेशी लोकतन्त्रको प्रतिबद्धता जनाए पनि व्यवहारमा त्यो प्रतिबद्धता अझै पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । यसको पछिल्लो उदाहरण मधेशी दलित समुदायले उठाएको असन्तुष्टि हो, जसले राज्यको समावेशी चरित्रमाथि गम्भीर प्रश्न खडा गरेको छ । 'अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवस'को अवसरमा व्यक्त गरिएको आक्रोश केवल एउटा औपचारिक विरोध नभई विगत पाँच वर्षदेखि संचित पीडाको अभिव्यक्ति हो।

मधेशी दलित समुदायले पछिल्ला वर्षहरूलाई 'कालो दिन'का रूपमा व्याख्या गर्नु सामान्य राजनीतिक अभिव्यक्ति मात्र होइन, यो राज्य संरचनामा उनीहरूको अनुपस्थितिको परिणाम हो। विशेषगरी हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक प्रणालीअन्तर्गत मधेशी दलितको प्रतिनिधित्व शून्य हुनु समावेशिताको गम्भीर विफलता हो । संविधानले सुनिश्चित गरेको समानुपातिक समावेशी सिद्धान्त व्यवहारमा लागू हुन नसक्नुले लोकतन्त्रको सारमै प्रश्न उठाएको छ।

निर्वाचन आयोगसम्बन्धी ऐनमा सातवटा क्लस्टर छुट्याइए पनि मधेशी दलितका लागि छुट्टै पहिचान नदिनु नीतिगत त्रुटि मात्र होइन, संरचनागत विभेदको संकेत पनि हो । जबसम्म नीति निर्माणमै समावेशिताको स्पष्ट र सुनिश्चित व्यवस्था हुँदैन, तबसम्म व्यवहारमा समान प्रतिनिधित्वको अपेक्षा गर्नु व्यर्थ हुन्छ । मधेशी दलितहरू केवल दलित मात्र होइनन्, उनीहरू क्षेत्रीय, भाषिक र सांस्कृतिक रूपमा पनि फरक पहिचान बोकेका समुदाय हुन्। त्यसैले उनीहरूको प्रतिनिधित्व सुनिश्चित गर्न विशेष ध्यान आवश्यक हुन्छ।

राजनीतिक दलहरूको भूमिका यस सन्दर्भमा अझै जिम्मेवार हुनुपर्ने देखिन्छ। समानुपातिक सूची तयार गर्दा दलहरूले समावेशिताको सिद्धान्तलाई प्राथमिकता दिनुपर्ने हो। तर व्यवहारमा दलहरूले आफ्नो सुविधा र स्वार्थअनुसार सूची बनाउँदा साना र सीमान्तकृत समुदायहरू बाहिरिने गरेका छन्। मधेशी दलितहरूको प्रतिनिधित्व नहुनु यसै प्रवृत्तिको परिणाम हो।

मधेशी दलित समुदायले आन्दोलनको चेतावनी दिनु बाध्यता हो, विकल्प होइन। जब राज्यका औपचारिक संरचनाले आवाज सुन्न असफल हुन्छन्, सडक नै अन्तिम माध्यम बन्छ। तर यस्तो अवस्था आउनु लोकतन्त्रका लागि स्वस्थ संकेत होइन। सरकार र सम्बन्धित निकायले यसलाई गम्भीरतापूर्वक लिएर तत्काल सुधारका कदम चाल्न आवश्यक छ। यस सन्दर्भमा तीनवटा प्रमुख सुधार अपरिहार्य देखिन्छन्। पहिलो, निर्वाचन आयोगसम्बन्धी ऐनमा संशोधन गरी मधेशी दलितका लागि छुट्टै क्लस्टरको व्यवस्था गरिनुपर्छ। दोस्रो, समानुपातिक सूचीमा अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्ने कानुनी प्रावधान कडाइका साथ लागू गरिनुपर्छ। तेस्रो, प्रत्यक्षतर्फ पनि दलित समुदायका लागि आरक्षित निर्वाचन क्षेत्रको बहस सुरु गरिनुपर्छ। अन्ततः, समावेशिता केवल नीतिमा सीमित रहने कुरा होइन, यो व्यवहारमा देखिनुपर्छ। मधेशी दलितहरूको प्रतिनिधित्व सुनिश्चित गर्नु केवल एउटा समुदायको अधिकारको कुरा मात्र होइन, यो नेपालको लोकतन्त्रको विश्वसनीयताको प्रश्न पनि हो। यदि राज्यले अझै पनि यस्ता आवाजलाई बेवास्ता गर्छ भने, समावेशी लोकतन्त्रको नाराले मात्र अर्थ राख्दैन।

अब प्रश्न स्पष्ट छ–के राज्य मधेशी दलितको आवाज सुन्न तयार छ, कि फेरि एकपटक उनीहरूलाई पर्खन बाध्य पारिनेछ?

# ७ दशकसम्म हुन नसकेको आर्थिक रूपान्तरण



अर्जुन बहादुर कडेल

नेपाल विश्वका अतिकम विकसित देशहरूको सूचीमा पर्दछ भने सन् २०२६ नोभेम्बरदेखि विकासोन्मुखमा स्तरोन्नति हुँदैछ । करिब ५५ वर्ष अतिकम विकसित मुलुकको सूचीमा रहेको नेपालका लागि यो एउटा ठूलो उपलब्धि हुनेछ । नेपालले योजनाबद्ध विकास अघि बढाएको पनि ७ दशक पुग्न लागेको छ । नेपालसँगै विकास प्रक्रिया सुरु गरेका केही देश आज समृद्ध र शक्तिशालीमा परिणत भइसकेका छन्, तर नेपालको आर्थिक विकासको गति अझै पनि सुस्त छ । नेपालको आर्थिक विकास मार्गमा धेरै प्रयोग, अभ्यास, नीति तथा व्यवस्था ल्याइए पनि आर्थिक विकासको स्तर सन्तोषजनक हुन सकेको छैन ।

२०१३ सालदेखि योजनाबद्ध विकास सुरुवात भएको थियो । २०४० को दशकपछि आर्थिक उदारीकरण अभ्यास सुरु भयो । विभिन्न चरणमा रजानीतिक परिवर्तन पनि भए । यो अवधिमा राजतन्त्रबाट संघीय गणतन्त्र आयो, वैदेशिक लगानी खुला भयो, निजी क्षेत्रलाई बढी महत्त्व दिन थालियो, आवश्यक नीति निर्माण पनि नभएका होइनन् ।

फरक-फरक राजनीतिक नेतृत्व र प्रतिबद्धताबीच नेपालको विकास धेरै नै सुस्त रहेको देखिन्छ । आजको नेपालको अवस्था निर्यात व्यापारको अवस्था धेरै कमजोर, आयातमाथि अत्यधिक निर्भरता, उच्च व्यापार घाटा, न्यून उत्पादकत्व, उत्पादनमूलक उद्योगहरूको अवस्था नाजुक, युवा जनशक्ति उच्च गतिमा विदेश पलायन, संस्थागत क्षमता अत्यन्त कमजोर, बढ्दो भ्रष्टाचार, सार्वजनिक सेवा प्रवाहको न्यून गुणस्तर, वैदेशिक लगानी न्यून, निजी क्षेत्रको खस्कँदो मनोबल, नीतिगत स्थायित्व कमी, कृषि क्षेत्र आधुनिकीकरण हुन नसक्नु, नीतिहरूमा एकरूपता नहुनु, पारदर्शिता अभाव लगायत समस्यामा जेलिएको छ । साथै, अस्थिर राजनीतिक व्यवस्था तथा इमान्दार र दूरदर्शी नेतृत्व अभावले नेपालको अर्थतन्त्र तेस्रो विश्वमै रहिरहेको अवस्था छ ।

पूर्वी तथा दक्षिण पूर्वी एसियाली देशले प्रतिव्यक्ति आय दुई गुणा वृद्धि गर्न १० देखि १५ वर्ष लगाए । तर, नेपालले ३० वर्षसम्म पनि सकेन । विगत २५ वर्षको नेपालको औसत आर्थिक वृद्धिदर लक्ष्य ५.७ प्रतिशत रहेकोमा उपलब्धि भने ३.४ प्रतिशतमात्र छ । नेपाल सन् २०१९ मा न्यून मध्यम आय भएको राष्ट्रमा प्रवेश गरेसँगै आर्थिक विकासमा ठूलो उपलब्धि देखिएको छ ।

३० वर्ष अघिसम्म नेपालको गरिबी, स्वास्थ्य र शिक्षा सूचक न्यूनतम अवस्थामा थिए । तर, त्यसयता भने नेपालले यी सूचकांकमा उत्कृष्ट सुधार गरेको देखिन्छ । नेपालले समावेशी र दिगो विकासको अवधारणा आत्मसाथ गरेको छ, तथापि विद्यमान संरचनात्मक चुनौती समाधान गर्न नसक्दा दिगो आर्थिक वृद्धि हासिल गर्न सकेको छैन ।

नेपालको अर्थतन्त्रमा उत्पादनमूलक उद्योगको योगदान न्यून छ भने कुल गार्हस्थ उत्पादन (जीडीपी) को २५ प्रतिशत हिस्सा रेमिट्यान्सको छ । रेमिट्यान्समाथिको अत्यधिक निर्भरता, श्रमशक्ति पलायन, आन्तरिक र वाह्य राजनीतिक खतरा र कृषिबाट गैरकृषिमा रूपान्तरण धेरै सुस्त गतिमा हुनु नेपालको आर्थिक विकासका मुख्य चुनौती हुन् ।

अर्थतन्त्रको रूपान्तरण गर्न सिंगापुरलाई ३० वर्ष, दक्षिण कोरिया ४० वर्ष, मलेसिया ३० वर्ष, जापान २० वर्ष र चीनलाई ४० वर्षमात्र लागेको देखिन्छ । यति छोटो अवधिमा यी देशले आर्थिक विकासमा फड्को मार्दा उनीहरूसँगै विकास प्रक्रिया सुरुवात गरेको नेपालको अवस्था सन्तोषजनक छैन । ४०, ५० वर्ष अगाडि समान आर्थिक हैसियत भएका ती देशसँग अहिले नेपालको अर्थतन्त्रको तुलना गर्न सकिँदैन, बरु तिनै देशबाट प्राप्त हुने आर्थिक सहयोगमा नेपालको विकास प्रक्रिया निर्भर छ ।

चीन आज विश्वको दोस्रो ठूलो अर्थतन्त्र बन्यो । यसलाई विश्वको उत्पादनको 'पावर हाउस' भनिन्छ । आज यो विश्वको दोस्रो ठूलो अर्थतन्त्र एवं प्रमुख शक्तिशाली राष्ट्र बनेको छ । दक्षिण कोरिया आज विश्वको ११औं र एसियाको चौथो ठूलो अर्थतन्त्र भएको छ । ४० वर्षमा यसले आर्थिक चमत्कार गर्‍यो र आधुनिक औद्योगिक शक्तिका रूपमा रूपान्तरण भयो । सन् १९६३ सम्म विकासोन्मुख राष्ट्र दक्षिण कोरिया हाल विश्व बैंकको विकास साझेदार बनेको छ भने १९७७ देखि आईडीएको प्रमुख योगदानकर्ता पनि हो ।

सिंगापुर आज विश्वको उच्च विकसित राष्ट्रको सूचीमा परिणत भयो र 'फोर एसियन टाइगर' मध्ये एक बनेको छ । उच्च बेरोजगारी, न्यून पूर्वाधार विकास र अनिश्चित भविष्यसँग जुधिरहेको सिंगापुर ३० वर्षमै तेस्रो विश्वबाट प्रथम विश्वमै परिणत भयो । आज सिंगापुरको विकास मोडेल विश्वका लागि उदाहरण बनेको छ । साथै, विश्वको प्रमुख आकर्षणको केन्द्र बनेको छ ।

आन्तरिक द्वन्द्व, आर्थिक विकासको न्यून स्तर, गरिबी र असमानतासँग रुमल्लिएको मलेसिया करिब ३० वर्षमै आधुनिक औद्योगिकृत अर्थतन्त्रमा रूपान्तरण भयो । मलेसियाको 'भिजनरी लिडरसिप' र द्वन्द्व व्यवस्थापनको मोडेल विश्वका अन्य राष्ट्रका लागि अनुकरणीय छ ।

त्यस्तै दोस्रो विश्वयुद्धले अस्तव्यस्त जापानको अर्थतन्त्र आज विश्वमा उदाहरणीय बनेको छ । यो देश सबैभन्दा पहिलो गैरयुरोपेली आधुनिक शक्ति राष्ट्र बन्न पुग्यो । जापानको आर्थिक चमत्कारलाई 'जापानिज इकोनोमिक मिराकल' पनि भनिन्छ ।

जापान, सिंगापुर, मलेसिया, दक्षिण कोरिया र चीनले नीतिगत सुधार सँगसँगै अर्थतन्त्रका संरचनात्मक समस्या समयमै निराकरण गरी विकासको मोडेल र पद्धति स्थापित गरेका कारण ती देश आज आर्थिक विकासमा धेरै अगाडि पुगेका हुन् । नेपाल भने अझै आफ्ना संरचनात्मक समस्यासँग संघर्ष गरिरहेको छ । नेपालले सिंगापुरको जस्तो व्यवहारवादी नेतृत्व र कुशल कर्मचारीतन्त्र प्राप्त गर्न सकेन । सिंगापुरको जस्तो वृद्धिको चालक नेपालको उत्पादनमूलक क्षेत्र बन्न सकेन । नेपालले चीनले जस्तो श्रमशक्ति सदुपयोग गरी अर्थतन्त्र अगाडि बढाउन सकेन । निर्यात, उत्पादन र प्रविधिमा नेपालले चिनियाँ मोडेल अनुशरण गर्न सकेन ।

त्यसैगरी चीनको डिजिटल क्रान्ति, 'डुअल ट्र्याक रिफर्म स्ट्राटेजी' र तीव्र पूर्वाधार विकासको केवल साक्षीमात्र भएर बसिरह्यो । नेपालले दक्षिण कोरियाको जस्तो अनुसन्धान र विकासमा लगानी गर्न सकेन र मानव पूँजी निर्माणमा पनि जोड दिएन । त्यसैगरी कोरियाले अवलम्बन गरेको प्रविधि नीति पनि नेपालले आत्मसाथ गर्न सकेन, न त कोरियाले जस्तो पञ्चवर्षीय योजनाको सशक्त कार्यन्वयन नै गर्न सक्यो । कोरिया निर्यात केन्द्रित र प्रविधियुक्त औद्योगीकरणमा रूपान्तरण भएजस्तो चमत्कार नेपालले गर्न सकेन ।

समग्रमा, 'मिराकल अन द ह्यान रिभर' बाट नेपालले केही सिकेन । विडम्बना, आज त्यही दक्षिण कोरियामा बर्सेनि रोजगारीका लागि हजारौं श्रमशक्ति निर्यात गर्ने स्रोत बनेको छ नेपाल । मलेसियाले जस्तो कुशलतापूर्वक द्वन्द्व समाधान गर्न सकेन, राष्ट्रिय एकता बलियो बनाउन मलेसियाले जस्तो नीति तर्जुमा गरी कार्यान्वयन गर्न सकेन ।

मलेसियाले विभिन्न सरकार र प्रशासनबीच पनि आर्थिक नीति उत्तिकै निरन्तरता दियो तर नेपालमा सरकार परिवर्तन हुनासाथ आर्थिक नीति पनि परिवर्तन हुन थाल्यो । मलेसियामा जस्तो सार्वजनिक सेवामा सुधार हुन सकेन । जापानमा जस्तो नीति तर्जुमा गरी औद्योगिक विस्तार र प्राविधिक विकासमा सरकारहरूले अभूतपूर्व योगदान पुर्‍याउन सकेनन् । न त गुणस्तर नियन्त्रण र निरन्तर सुधार गरी अन्तर्राष्ट्रिय प्रतिस्पर्धी क्षमता नै बढाउन सक्यो ।

जापानले वैदेशिक सहयोगको सही सदुपयोग गरेजस्तो नेपालले गर्न सकेन, बरु वैदेशिक सहायताको चरम दुरुपयोग बढ्दै गयो । जापानले पश्चिमी वैज्ञानिक, दार्शनिक, प्राविधिक, राजनैतिक विचारको सही सदुपयोग गरेर तीव्र आर्थिक वृद्धि गरेजस्तो नेपालले केही गर्न सकेन । तसर्थ, जापानको विकास अर्थाते 'इस्ट एसियन मोडेल' को नेपाल केवल एक साक्षीमात्र भएर बसिरह्यो ।

नेपाल सरकारले गठन गरेको 'उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग २०८१' ले नेपालको व्यापक आर्थिक र संरचनात्मक सुधारका लागि एउटा ठूलो रोडम्याप 'रिफर्म २.०' तयार गरेको थियो । यो सुधार योजनाले कर संरचना सुधार गर्ने, व्यापार र लगानी वातावरण सुधार गर्ने, निजी क्षेत्रको भूमिका तथा मनोबल वृद्धि गर्ने, सार्वजनिक वित्त व्यवस्थापन कुशल र पारदर्शी बनाउने, पूर्वाधार र ऊर्जा क्षेत्र विकास गर्ने, वित्तीय प्रणाली मजबुत बनाउने, सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउने लगायत थुप्रै प्रणालीगत सुधारका क्षेत्र समेटेको थियो ।

यो बृहत सुधार योजना ढिला नगरी कार्यान्वयनमा लैजाने र आर्थिक, सामाजिक र प्रशासनिक संरचनामा परिवर्तन ल्याएर नेपालको अर्थतन्त्र सुदृढ, आधुनिक, प्रतिस्पर्धी एवं व्यावसायिक बनाइ दिगो आर्थिक वृद्धि हासिल गर्नु आजको आवश्यकता हो । नेपालले आफ्नै 'रिफर्म स्ट्राटेजी' तयार गरी लागु गर्नुपर्दछ । सर्वप्रथम नीतिगत सुधार गर्ने र नीतिहरूको प्रभावकारिताका लागि कार्यान्वयन गर्ने संस्थाहरूमा सशक्त र क्रमिक सुधार एवं नीति नियमहरूमा एकरूपता कायम गर्नुपर्दछ ।

भ्रष्टाचारमा लिप्त शासन व्यवस्था निर्मूल गर्न निर्मम भएर शून्य सहनशीलता नीति कार्यान्वयन गर्न सक्नुपर्दछ । जिम्मेवारीबोध र जवाहदेहिता बहन गर्न सक्ने र देश विकासको भावना भएको निःस्वार्थ भिजनरी राजनीतिक नेतृत्व र सोही अनुसार सुशासन डेलिभरी गर्न सक्ने दक्ष, स्वच्छ एवं निष्पक्ष कर्मचारीतन्त्र नेपालको संरचनात्मक रूपान्तरणका पूर्वसर्त हुन् । जसको अभावमा नेपालको दीर्घकालीन आर्थिक समाजिक विकास अपेक्षा गर्नु 'हावामा महल बनाउनु' जस्तै हुनेछ ।

*(लेखक कँडेल नेपाल बैंक लिमिटेडका मुख्य प्रबन्धक हुन् ।)*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# त्रिभुवन विमानस्थलमा नेपाली मूलका नागरिकका लागि छुट्टै डेस्क स्थापना




दैनिक समाचारदाता

काठमाडौं, ८ चैत । गृह मन्त्रालयले नेपाली मूलका विदेशी नागरिक र गैरआवासीय नेपालहरूका लागि त्रिभुवन अन्तर्राष्ट्रय विमानस्थल अध्यागमनमा छुट्टै डेस्क राख्ने भएको छ ।

अध्यागमन विभागले आइतबार विमानस्थल कार्यालयलाई पत्राचार गर्दै छुट्टै डेस्क राख्न निर्देशन दिएको हो । अब जुनसुकै देशका नागरिक भएपनि नेपाली मूलको रहेछ भने विमानस्थलमा विदेशीहरूको लाइनमा बस्नुपर्ने छैन । 'विश्वका विभिन्न मुलुकहरुमा छरिएर रहेका गैरआवासीय नेपाली (एनआरएन) र नेपाली मूलका विदेशी नागरिकहरुको नेपाली भाषा/संस्कृति र नेपाली माटोप्रतिको आत्मीयतालाई प्रगाढ बनाउन, तथा नेपालमा पर्यटन र लगानी प्रवर्द्धन गर्न प्रोत्साहित गर्ने उद्देश्यले एनआरएन र नेपाली मूलका विदेशी नागरिकहरुका लागि तहाँ कार्यालयको आगमन र प्रस्थान कक्षमा छुट्टै डेस्कको व्यवस्थापन गर्नुहुन निर्णयानुसार अनुरोध छ,' अध्यागमनको पत्रमा छ ।

एशोसिएसन अफ नेपाली ओरिजिन (एएनओ) को पदाधिकारीहरूले डेढ साता अघि गृहमन्त्री ओमप्रकाश अर्याललाई भेटी छुट्टै डेस्क राख्न माग गरेको थियो ।

'विश्वका जुनसुकै मुलुकमा बसेपनि वा जुनसुकै मुलुकको नागरिक भए पनि नेपाली मूलका मानिसहरु आफ्नो मातृभूमि, पितृभूमिप्रति अगाध माया र सम्मान व्यक्त गर्दछन्', एएनओको माग थियो,'उनीहरुलाई नेपाल भूमि प्रवेश गर्दा वा प्रस्थान गर्दा नेपाल सरकारको तर्फबाट आत्मीय स्नेह प्राप्त गर्न छुट्टै डेस्क स्थापना होस् ।' ।

उक्त मागलाई सम्बोधन गर्दै गृहमन्त्री अर्यालले मन्त्रिस्तरीय निर्णयबाट डेस्क स्थापना गर्ने निर्णय गरेका हुन् । 'हालसम्म नेपाली मूलका नागरिकहरुलाई नेपाल देशले कुनै पनि विषयमा सम्बोधन गर्न नसकिरहेको अवस्थामा नेपाल सरकारका गृहमन्त्री श्री अर्याल र गृहमन्त्रालयले आइतवार गरेको निर्णयले विश्वभरका नेपाली मूलका नागरिकहरुले सम्मानित भएको महसुस गरेका छन्', एएनओका अध्यक्ष डिल्ली अधिकारीद्वारा जारी विज्ञप्तिमा छ,' नेपालसँग नेपाली मूलका मानिसहरुलाई जोड्ने एएनओको अभियानका लागि यो निर्णयको कार्यान्वयनले सकारात्मक योगदान दिने विश्वास गरिएको छ ।'

# अमेरिकी-इरानी तनाव : ट्रम्पले दिए ४८ घण्टे अल्टिमेटम



वासिङटन, ८ चैत । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार यदि इरानले ४८ घण्टाभित्र होर्मुज सत्र पूर्ण रूपमा खुला नगरे, अमेरिकाले इरानी पावर प्लान्टहरू ध्वस्त पार्ने चेतावनी दिनुभएको छ । उहाँले आफ्नै सामाजिक सञ्जालमा लेख्नुभयो, "सबैभन्दा ठुलो पावर प्लान्टदेखि सुरु गरेर सबै ध्वस्त पारिने छ ।"

होर्मुज सत्र विश्वव्यापी ऊर्जा र व्यापार मार्गको लागि अत्यन्त महत्त्वपूर्ण छ । यस मार्गबाट विश्वको करिब एक( पाँचौं तेल र प्राकृतिक ग्यास आपूर्ति हुन्छ । क्षेत्रीय तनाव हाल उच्च स्तरमा पुगेको छ ।

इरानको मुख्य सैन्य कमाण्डले चेतावनी दिँदै यदि यसको ऊर्जा पूर्वाधारमा हमला गरियो भने संयुक्त राज्य अमेरिका र इजरायली ऊर्जा, सूचना प्रविधि र जलमिटान पूर्वाधारमा प्रतिकार गरिने जनाएको छ ।

ट्रम्पको धम्की त्यतिबेला आएको हो, जब उहाँले गत शुक्रबार अमेरिकी सेना मध्यपूर्वमा सञ्चालन कम गर्ने विषय विचार गर्दै रहेको बताउनुभएका थिए । तर उहाँले तेहरानसँग कुनै युद्धविराम गर्ने तयारी नगरेको पनि स्पष्ट पार्नुभएको छ ।

साथै, संयुक्त अमेरिकी( इजरायली अभियान चारौं साता प्रवेश गरेको छ, जसले विश्वव्यापी जल यातायातमा अवरोध ल्याएको छ र तेलको मूल्यमा तीव्र वृद्धि भएको छ । तेलको मूल्य करिब ५० प्रतिशतले बढेको छ ।

अमेरिकाको खजाना विभागले ३० दिनका लागि इरानी तेलमाथि प्रतिबन्ध अस्थायी रूपमा हटाएको छ, ताकि होर्मुज सत्रमा अवरोधका कारण तेल आपूर्ति प्रभावित नहोस् ।

इरानी परराष्ट्रमन्त्रीले भन्नुभयो, "सत्र बन्द गरिएको छैन, तर विरोधी देशका जहाजमा केही प्रतिबन्ध लगाइएको छ । इरान अन्य देशका जहाजलाई सुरक्षित रूपमा मार्ग प्रशस्त गर्न तयार रहेको पनि उनले बताएका छन् ।" रासस/सिन्ह्वा

## ठगी आरोपमा ५ जना पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, ८ चैत । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काठमाडौं कीर्तिपुर नगरपालिका-७ बस्ने बर्दिया घर भएका ३६ वर्षीय अर्जुन बहादुर पौडेल, ललितपुर महालक्ष्मी नगरपालिका-७ बस्ने सर्लाही घर भएका ४६ वर्षीय डिल्ली राम भुजेल, काठमाडौं महानगरपालिका-१६ बस्ने ४३ वर्षीया उमा गुरूङ, ललितपुर महानगरपालिका-७ बस्ने कास्की घर भएका ३३ वर्षीय आशिष महत र भक्तपुर मध्यपुर थिमी नगरपालिका-४ बस्ने रामेछाप घर भएकी ३५ वर्षीया संगिता श्रेष्ठ रहेका छन् ।

पक्राउ परेकामध्ये अर्जुनले क्रोएशिया पठाइदिन्छु भन्दै १ जना पीडितबाट ३ लाख ३० हजार रूपैयाँ, डिल्लीले माल्दिभ्स पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख ९९ हजार रूपैयाँ, उमाले बेलायत पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख रूपैयाँ, आशिषले बेलायत पठाइदिन्छु भन्दै १ जना पीडितबाट २३ लाख रूपैयाँ र संगिताले पोर्चुगल पठाइदिन्छु भन्दै १ जना पीडितबाट ३ लाख ६८ हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरी परेको थियो ।

आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उमा र संगितालाई काठमाडौं महानगरपालिका-१२ बाट तथा आशिषलाई काठमाडौं महानगरपालिका-१० बाट आइतबार पक्राउ गरेको हो । साथै अर्जुनलाई काठमाडौं महानगरपालिका-४ बाट र डिल्लीलाई काठमाडौं महानगरपालिका-९ बाट शुक्रबार प्रहरीले पक्राउ गरेको प्रहरीको केन्द्रीय समाचार कक्षले जनाएको छ ।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

# आयोगले प्रधानमन्त्रीलाई बुझायो मत परिणामसहितको प्रतिवेदन



दैनिक समाचारदाता

काठमाडौं, ८ चैत । निर्वाचन आयोगले प्रधानमन्त्री सुशीला कार्कीसमक्ष निर्वाचनको मत परिणामसहितको प्रतिवेदन पेश गरेको छ ।

निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी लगायतका पदाधिकारीहरूले आइतबार प्रधानमन्त्री कार्कीसमक्ष प्रतिवेदन पेश गरेका हुन् । आयुक्तहरू डा. जानकी कुमारी तुलाधर र सगुन शम्शेर जबरा तथा आयोगका सचिव कृष्णबहादुर राउतलगायत पनि सो कार्यक्रममा पुगेका थिए ।

त्यस्तै, गृहमन्त्री ओमप्रकाश अर्याल तथा कानुन मन्त्री अनिल कुमार सिन्हा पनि प्रतिवेदन ग्रहण कार्यक्रममा सरिक थिए ।

आयोगले राष्ट्रपति रामचन्द्र पौडेललाई पनि निर्वाचनको मतपरिणामसहितको प्रतिवेदन बुझाइसकेको छ ।

# कार्की आयोग प्रतिवेदन सार्वजनिक गर्न कांग्रेसले माग गर्ने



दैनिक समाचारदाता

काठमाडौं, ८ चैत । नेपाली कांग्रेसले कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गर्ने भएको छ । जारी केन्द्रीय समितिको बैठकमा जेनजी आन्दोलनको घटना जाँचबुझका लागि गठन भएको पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले सरकारलाई बुझाएको प्रतिवेदन सार्वजनिक गर्न सरकारको ध्यानाकर्षण गराउने कुरा उठेको हो ।

'केन्द्रीय समिति बैठकले उक्त आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गर्ने निष्कर्ष निकालेको छ,' कांग्रेस महामन्त्री प्रदीप पौडेलले भने, 'आयोगले दिएको प्रतिवेदन सार्वजनिक गर्नु सरकारको दायित्व र जिम्मेवारीको विषय पनि हो । यसलाई सार्वजनिक गर्न पार्टीले सरकारसँग माग गर्नेछ ।'भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा भएको मानवीय तथा भौतिक क्षतिको छानबिन गर्न सरकारले जाँचबुझ आयोग गठन गरेको थियो । उक्त आयोगले ६ महिना बढी समय लगाएर तयार पारेको प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाइसकेको छ । सरकारले उक्त प्रतिवेदन भने सार्वजनिक गरेको छैन । उक्त प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै प्रदर्शनहरूसमेत भइरहेका छन् ।



- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, १४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३३४

# कच्चा पदार्थ अभावले पाइप उद्योग धमाधम बन्द हुँदै, खानेपानीका पूर्वाधार प्रभावित

दैनिक समाचारदाता
काठमाडौं, ८ चैत । पश्चिम एसियाली मुलुकमा भएको द्वन्द्वले गर्दा कच्चा तेलसँगै प्लास्टिकजन्य कच्चा पदार्थको अभाव भएको छ ।

जसले गर्दा प्लास्टिकजन्य कच्चा पदार्थ आपूर्ति गरी उत्पादन गर्दै आएका स्वदेशी उद्योग संकटमा परेका छन् । यतिबेला एचडीपी (हाइडेन्सिटी पोलिथिन पाइप) उद्योगलाई कच्चा पदार्थको अभावले समस्या पारेको छ । कच्चा पदार्थ नभएपछि केही पाइप उद्योग बन्द भएका छन् ।

हाइडेन्सिटी पोलिथिन पाइप म्यानुफ्याक्चर्स एसोसिएसन अफ नेपालले एक विज्ञप्ति जारी गर्दै उद्योगका समस्याबारे अवगत गराएको छ ।

'एचडीपी उद्योगमा प्रयोग गरिने कच्चा पदार्थ (एचडीपी ग्रानुयल्स) कच्चा तेलको प्रशोधन गरी उत्पादन गरिन्छ, पश्चिम एसियामा जारी तनावका कारण भारत लगायत तेस्रो मुलुकबाट आयात गरिने कच्चा पदार्थको ढुवानी विगत केही सातादेखि अवरुद्ध भइरहेको छ' एसोसिएसनले भनेको छ 'जसकारण हाल केही उद्योगमा कच्चा पदार्थको मौज्दात शून्य भएकोले उद्योग नै बन्द रहेको अवस्था छ भने केही उद्योग बन्द हुने संघारमा छन् ।'



प्रतिस्पर्धात्मक बजारमा माग र आपूर्तिले मूल्य निर्धारण हुने भएको जनाउँदै एसोसिएसनले कच्चा पदार्थको नयाँ मूल्य करिव ६२ प्रतिशतले बढेको जनाएको छ । 'इन्धनमा भएको मुल्यवृद्धिले ढुवानी खर्च समेत वृद्धि भएको, अमेरिकन डलरको मूल्यवृद्धिलाई समेत समायोजन गर्दा भार परेको छ' एसोसिएसनले भनेको छ । साथै यसले उत्पादित पाइपको पनि मूल्य केही बढेको एसोसिएसनले प्रष्ट पारेको छ ।

कच्चा पदार्थ सहज रुपमा आपूर्ति नभएसम्म मूल्य वृद्धिको सीमा यकिन गर्न नसकिने एसोसिएसनले जनाएको छ । यसले प्रत्येक्ष रुपमा मुलुकको खानेपानी लगायत पूर्वाधार क्षेत्रको विकासमा समेत असर पर्ने भएको छ । त्यस्ता पूर्वाधारको लागत महँगिन जाने र समयमै नसकिने अवस्था सिर्जना भएको छ । अहिले खानेपानी कार्यालय तथा पाइप आवश्यक पर्ने संस्थालाई पाइप उपलब्ध गराउन नसकिने उद्योगहरूले बताएका छन् ।

'पाइप उद्योगले विभिन्न खानेपानी कार्यालय लगायत गैर सरकारी संस्थाहरुसँग गरेका बोलपत्र सम्झौता, निर्माण व्यवसायीसँग भएका बिक्री सम्झौता, विभिन्न उपभोक्ता समिति, स्थानीय निकाय लगायतसँग गरिएका पाइप आपूर्तिका सम्झौतामा उल्लेख गरिएका मूल्य, कार्य सम्पन्न अवधि लगायतका बुँदामा आपसी समझदारीमा समायोजन गर्न सबै पक्षलाई अपिल गर्दछौं' एसोसिएसनले भनेको छ ।

साथै बैंक तथा वित्तीय संस्थालाई समेत फाइनान्सिङ सहजता प्रदान गर्न आग्रह गरिएको छ । त्यस्तै संघले उद्योगलाई नआत्तिन र धैर्यता राख्न आग्रह गरेकोछ । 'पाइप उत्पादन तथा वितरणमा वर्षौंदेखि संलग्न व्यवसायीलाई यस विषम परिस्थितिमा सुझबुझ र धैर्यता अपनाई कार्य गर्नु हुन समेत अपिल गर्दछौं' संघले भनेको छ ।

जटिल परिस्थितिको फाइदा उठाई पाइपको अस्वभाविक मुल्यवृद्धिमा संलग्न जो कोहीलाई पनि कानुन बमोजिम कारवाही गर्न एसोसिएसनले सरकारको ध्यानाकर्षण समेत गराएको छ ।

# अब राष्ट्रिय परिचयपत्र र नागरिकताका लागि छुट्टाछुट्टै फारम भर्न नपर्ने



दैनिक समाचारदाता
काठमाडौं, ८ चैत । सरकारले केन्द्रिकृत नागरिकता व्यवस्थापन सूचना प्रणाली र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीबीच अन्तरआबद्धता गरी सेवा प्रवाह शुरु गरेको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालले आइतबार जिल्ला प्रशासन कार्यालय ललितपुरको निरीक्षणको क्रममा सञ्चारकर्मीहरुसँग कुरा गर्दै सो जानकारी दिएका हुन् ।

यससँगै सेवाग्राहीले एउटै प्रकृतिका विवरणका लागि विभिन्न सरकारी निकायमा छुट्टाछुट्टै फारम भर्नुपर्ने नपर्ने भएको छ । गृहमन्त्री अर्यालले राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सेवाग्राहीहरूले हालसम्म विवरण दर्ता आवेदन फारम भरी जैविक (बायोमेट्रिक) विवरण दिनका लागि तोकिएका राष्ट्रिय परिचयपत्र इकाईमा उपस्थित हुनुपर्ने बाध्यता हट्ना गई सेवाग्राहीको समय र आर्थिक लागत समेत बचत हुने बताए ।

'गृह मन्त्रालय सञ्चालनमा रहेको केन्द्रिकृत नागरिकता व्यवस्थापन सूचना प्रणाली र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीबीच सेवा अन्तरआबद्धता गरी राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राहीहरुले राष्ट्रिय परिचयपत्रको विवरण दर्तासहितको आवेदन फारम भर्न नपर्ने बनाइ सहज र नागरिकमैत्री सेवा उपलब्ध गराउँदा नागरिकलाई झलन्झटरहित सेवा उपलब्ध गराउनेगरी सेवा शुरु गरेका छौं,' उनले भने ।

हालसम्म वटा सेवा ठाउँबाट केन्द्रिकृत सेवा प्रवाह शुरु भइसकेको जानकारी दिँदै विस्तारै देशैभरी विस्तार गरिने जानकारी पनि दिए ।

'राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राहीहरुले राष्ट्रिय परिचयपत्रको विवरण दर्ता आवेदन फारम भरी जैविक विवरणसहित आवेदन गर्न राष्ट्रिय परिचयपत्र इकाई रहेका स्थानमा वायोमेट्रिक जाने गरेको अवस्थाले नागरिकले खर्च गर्नुपरेको समय र लागतलाई न्युनिकरण गर्ने मुल उद्देश्य रहेको छ ।

# भरूवा बन्दुक सहित एक जना पक्राउ



दैनिक समाचारदाता
मकवानपुर ८ चैत । मकवानपुरको बागमती गाउँपालिका-९ बेतिनीका ५७ वर्षीय सन्तकुमार प्रजापतिलाई भरूवा बन्दुक एक थानसहित गएराति प्रहरीले पक्राउ गरेको छ । निजको घरमा भरूवा बन्दुक लुकाइछिपाइ राखेको भन्ने सूचनाका आधारमा इलाका प्रहरी कार्यालय फापरबारीबाट खटिएको प्रहरीले घर तलासी गर्दा उक्त बन्दुक फेला पारी प्रजापतिलाई पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।यससम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# बेमौसमी वर्षाका कारण नौ करोड बराबरको काँचो इँटामा क्षति

नेपालगञ्ज ८ चैत । दुई दिनसम्म परेको बेमौसमी वर्षाले करिब नौ करोड बराबरको काँचो इँटामा क्षति पुगेको छ ।

इँटा व्यवसायीका अनुसार पोल्नका लागि तयारी अवस्थामा राखिएको ठूलो परिमाणको काँचो इँटा वर्षाले नष्ट भएपछि व्यवसायीलाई रु आठ करोड ७५ लाख बराबरको क्षति भएको इँटा उद्योग व्यवसायी सङ्घ लुम्बिनी प्रदेशका उपाध्यक्ष तथा बाँकेको पिबिसी इँटा उद्योगका सञ्चालक दीपक अधिकारीले जानकारी दिनुभयो । उहाँले बेमौसमी वर्षाले एउटा उद्योगमा मात्र करिब पाँच लाख काँचो इँटा नष्ट भएको उल्लेख गरे ।

व्यवसायी अधिकारीले जिल्लामा रहेका ७० वटा इँटा उद्योगमा तीन करोड ५० लाख काँचो इँटा नष्ट भएकाले रु आठ करोड ७५ लाख बराबरको क्षति भएको बताए ।



एउटा काँचो इँटाको मूल्य रु २.५० पैसा पर्ने अधिकारीले बताए ।

व्यवसायीका अनुसार खुलाचौरमा भर्खरै तयार पारेर सुक्नका लागि राखिएका अधिकांश इँटा पानीले भिजेर माटोमा परिणत भएका छन् । कर्णालीमा हिमपात भएसँगै बाँकेमा भएको वर्षाले यहाँका व्यवसायीले ठूलो क्षति बेहोर्नु परेको बाँकेका व्यवसायीहरुको भनाइ छ ।

इँटा उद्योग व्यवसायी सङ्घ बाँकेका अध्यक्ष देवबहादुर केसीले हरेक वर्ष बेमौसमी वर्षाको चपेटामा परेर जिल्लाका उद्योगीले ठूलो क्षति बेहोर्नु परेको बताए ।

उनले सरकारले काँचो इँटाको बिमा पनि नगर्ने र क्षतिपूर्ति पनि नदिने हुँदा व्यवसायीलाई ठूलो मर्का परेको उल्लेख गरे । रासस

# राप्रपा निर्देशक समितिको अध्यक्षबाट लोहनीले दिए राजीनामा

दैनिक समाचारदाता
काठमाडौं, ८ चैत । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को निर्देशक समितिको अध्यक्षबाट डा. प्रकाशचन्द्र लोहनीले राजीनामा दिएका छन् ।

गत २१ मा भएको प्रतिनिधिसभा निर्वाचनको परिणामबाट आफू स्तब्ध भएको उल्लेख गर्दै तदर्थ समितिमार्फत महाधिवेशन गर्नुपर्ने बताएका छन् । महाधिवेशन भएर त्यसपछि प्राप्त पदमा मात्रै आफू रहने उनले राजीनामापत्रमा उल्लेख गरेका छन् ।

पार्टीको नेतृत्वमा तहमा रहेका पदाधिकारीहरूले तत्काल मार्ग प्रशस्त गर्नुपर्ने पनि उनले राजीनामापत्रमा उल्लेख गरेका छन् ।

# करेन्ट लागेर एकको मृत्यु

दैनिक समाचारदाता
रौतहट, ८ चैत । रौतहटको चन्द्रपुर नगरपालिका-८ बसन्तपुरमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ ।

गुजरा नगरपालिका-१ मनहर्वा घर भएकी ८४ वर्षीया कान्छी देवी चौधरीको करेन्ट लागेर आइतबार दिउँसो मृत्यु भएको नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षले जानकारी दिएको छ ।

धारामा जडान भएको विद्युतीय मोटरबाट करेन्ट लागेर गम्भीर घाइते भएकी उनको चपुरस्थित चपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मिथिलाञ्चलमा चैती छठ पर्व सुरु

दैनिक समाचारदाता
जनकपुरधाम ८ चैत । मिथिलाञ्चलमा आइतबारदेखि चैते छठ पर्व सुरु भएको छ । विभिन्न विधि गरी चार दिनसम्म मनाइने यस पर्वको चैते छठ आइतबारदेखि सुरुवात भएको हो ।

पहिलो दिन आइतबार व्रतीहरूले नहाय खाय अर्थात् नुहाएर खाने जीउ चोख्याउने काम गर्नेछन् । दोस्रो दिन सोमबार व्रतीहरूले दिनभरि निराहार उपवास बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कूलदेवताको पूजा गर्नेछन् र राति अरवा अरबाइन चोखो खानेकुरा खाने चलन रहि आएको छ ।

तेस्रो दिन मङ्गलबार षष्ठी तिथिमा व्रतीहरूले छठ घाटमा पुगेर अस्ताउदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षत फुल हालेर अर्घ दिन्छन् भने बुधबार बिहानै छठघाटमा पुगी उदाउँदो सूर्यलाई अर्घ दिएर चैती छठ पर्वको समापन हुने छ ।

हिन्दु धर्मावलम्वीहरूले मनाउने पर्वहरु मध्ये सबैभन्दा कठोर मानिएको छठ पर्व मधेश प्रदेश, कोशी प्रदेशसहित मिथिला संस्कृति मान्ने सबै ठाउँमा मनाइँदै आएको छ ।

आराध्यदेव सूर्यदेवको उपासना गरी मनाउने छठ पर्व पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा हुने धार्मिक मान्यता रहि आएको बताउनुहुन्छ, पण्डित कमलकान्त झा ।

सूर्य पुराण अनुसार सर्वप्रथम श्रीमती अनुसुइयाले छठ व्रत गर्नुभएको थियो । फलस्वरुप उहाँले अटल सौभाग्य र परिप्रेम प्राप्त गरिन् र त्यही बेलादेखि छठ गर्ने परम्पराको सुरुआत भएको उहाँले बताउनुभयो ।


## विमालेख हराएको सूचना

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.मा रहेको मेरो विमा, बिमा लेख नं. १७०१२४०४१ को फाइल जनकपुरधामबाट घरजाने क्रममा हराएकोले पाउनु हुने महानुभाव निम्न लिखित ठेगानामा पठाई वा खबर गरी सहयोग गरी दिन हुन हार्दिक अनुरोध गर्दछु ।

**मो. मुस्ताफ**
जनकनन्दिनी गा.पा.-३, धनुषा, नेपाल
मो.नं.: ९८४४४३३११४



अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४